# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर अधिकारी र विश्व बैंक समूहका उच्च अधिकारीहरुबीच छलफल

गभर्नर श्री महाप्रसाद अधिकारी र विश्व बैंक समूहका उच्च अधिकारीहरूबीच आज बैंकको केन्द्रीय कार्यालयमा भेटवार्ता सम्पन्न भयो । सो भेटमा कोभिड-१९ महामारीपछिको समष्टिगत आर्थिक एवम् वित्तीय अवस्था र मुलुकको आगामी आर्थिक कार्यदिशाका विषयमा छलफल केन्द्रित थियो ।



सो भेट विश्व बैंक समूहका तर्फबाट प्रबन्ध निर्देशक Mari E. Pangestu ले नेतृत्व गर्नुभएको थियो । सो क्रममा नेपालको वित्तीय प्रणाली र राष्ट्र बैंकको क्षमता अभिवृद्धिमा विश्व बैंकबाट विगतदेखि प्राप्त हुँदै आएको सहयोग र आगामी दिनमा द्विपक्षीय सहकार्यको सम्भावनाका विषयमा समेत छलफल भएको थियो ।

भेटवार्ताका क्रममा प्रवन्ध निर्देशक Pangestu ले कोभिड-१९ ले पारेको समग्र प्रभाव, डिजिटल फाइनासिङ्ग, वित्तीय समावेशिता र ग्राहक संरक्षणका विषयमा अन्य मुलुकको अनुभव सहितको धारणा राख्नु भएको थियो । सो अवसरमा गभर्नर अधिकारीले डिजिटल बैंकिङको प्रवर्द्धनमा बैंकले अवलम्बन गरेका नीतिगत व्यवस्था र त्यसका उपलब्धिबारे जानकारी गराउँदै वातावरणमैत्री वित्तीय सेवाको निम्ति भएका पछिल्लो प्रयासका विषयमा धारणा राख्नुभयो । वित्तीय ग्राहक संरक्षणलाई बैंकले प्राथमिकतामा राखेको उल्लेख गर्दै 'वित्तीय समावेशीकरण र ग्राहक संरक्षण महाशाखा' स्थापनाको प्रक्रिया अन्तिम चरणमा पुगेको जानकारी समेत गभर्नर अधिकारीले दिनुभयो ।

भेटका अवसरमा विश्व बैंक समूहका प्रबन्ध निर्देशक Mari E. Pangestu ले नेपालको आर्थिक वृद्धि र वित्तीय स्थायित्वको लागि अन्तर्राष्ट्रिय मुद्रा कोषसँग समन्वय गर्दै नेपाल राष्ट्र बैंकलाई आवश्यक सहयोग गर्न विश्व बैंक प्रतिबद्ध रहेको धारणा व्यक्त गर्नुभयो ।



छलफलमा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनासहित बैंकका उच्च अधिकारीहरूको उपस्थिति थियो भने विश्व बैंकका तर्फबाट दक्षिण एसिया क्षेत्रका उपाध्यक्ष Hartwig Schafer, नेपालका कन्ट्री डाइरेक्टर Faris Hadad-Zervos, अपरेसन म्यानेजर Lada Strelkova, अन्तर्राष्ट्रिय वित्त निगमका आवासीय प्रतिनिधि Babacar Sedikh Faye लगायतका अधिकारीहरूको उपस्थिति थियो ।

२०७९ असार ६ गते

गभर्नरको कार्यालय